अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

श्री भवानि सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. १२ विक्रि, बर्दिया

अत्यावश्यक

प.स. ०८२/८३

च.नं. २०.

मिति: २०८३/०२/०१

विषयः गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ र २ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०२।०१

श्री भवानि सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ गुलरिया न.पा. १२, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक-व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/०१ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस भवानि सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. १२ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरणः-

वन पैदावार							मुल्याङकन (रु.)	
लट नं.	धाङ्ग नं.	जात	ग्रेड	किसिम	थान	परिमाण घ.फि.	न्युनतम मुल्य रु.	सङ्कलन खर्च
१	१ र २	खयर	N	गोलिया	१०	१०।०४	१००४०/-	काठ संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ ।
		तेदु	N	गोलिया	७	५६।३४	५६३४/-	
		निम	N	गोलिया	३	५।४४	५४४/-	
		सागवान	A	गोलिया	६	५१।३३	४१०६४/-	
			B	गोलिया	१९५	५२५।२३	३१५१३८/-	
		सिरिस	B	गोलिया	९	२२।५०	४५००/-	
		वृ सिसौ	B	गोलिया	३४	९०।७३	४५३६५/-	
जम्मा					२६४	७६१।६१	४२२२८५/-	
२		सिसौ / टिक	N	दाउरा	०	१।७५ चट्टा	२१०००/-	

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८३।०२।२२ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेकों सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१०००८५२४००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/----------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १००० र ३००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

श्री भवानि सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. १२, बिक्रि, बर्दिया

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र भवानि सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्दी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।२२ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

नागरिक
आर्थिक

शुक्रबार, १ जेठ २०८३, Friday, 15 May 2026

बजार

सुन तोला - ३०२,५००
चाँदी तोला - ५७४५

विदेशी मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर -	१५२.९३	१५३.५३
युरो -	१७९.००	१७९.७१
पाउन्ड स्टर्लिङ -	२०६.६०	२०७.४१

निर्माण व्यवसायी आन्दोलनमा

भुवन शर्मा
काठमाडौं, वैशाख ३१

इन्धन, निर्माण समाग्री र ढुवानी लागतमा भएको मूल्यवृद्धि अनुसार ठेक्का सम्झौतामा मूल्य समायोजन नभएसम्म काम नगर्ने भन्दै निर्माण व्यवसायीहरूले बिहीबारबाट आन्दोलन थालेका छन ।

बिहीबार निर्माण व्यवसायीहरूले सडक विभाग तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकहरूलाई ज्ञापन पत्र बुझाएर ती विभागको कार्यालय अगाडि आधा घण्टा धर्ना दिएका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघको अगुवाइमा व्यवसायीहरूले आन्दोलन थालेका हुन् । महासंघका महासचिव शिवहरि घिमिरेले बिहीबारदेखि नै ठेक्का प्रणालीअन्तर्गत नेपाल सरकारबाट लिइएका सबै ठेक्काको निर्माणसम्बन्धी काम बन्द गर्ने निर्णय गरिएको बताए ।

'मूल्य समायोजन नभएसम्म हामी काम रोक्छौं । यही स्थितिमा काम गर्न सक्ने अवस्था छैन', उनले भने । उनका अनुसार आगामी जेठ ५ गते महासंघको कार्यसमितिको बैठक बस्दैछ, उक्त बैठकले आन्दोलनका थप कार्यक्रम तय गर्ने छ ।

महासंघका उपाध्यक्ष सहदेव खड्काले सरकारले मूल्य समायोजन गरेर मात्र नपुग्ने, एक पटकको लागि म्याद थप गर्नुपर्ने पनि बताए । 'काम गर्न एक पटक अन्तिम मौका दिनुपर्छ । त्यसैले सरकारले एक पटकका लागि म्याद थप गर्नुपर्छ', खड्काले भने ।

महासंघअन्तर्गत एसोसिएट सदस्य समन्वय समितिका संयोजक नवराज श्रेष्ठले बिहीबार सडक विभागका महानिर्देशक डा. विजय जैशी र सिँचाइ विभागका महानिर्देशक मित्र बराललाई ज्ञापन पत्र बुझाउँदै मूल्यवृद्धिको कारण निर्माण क्षेत्रमा देखिएको समस्याबारे जानकारी गराएका थिए ।

ज्ञापन पत्र बुझाएपछि व्यवसायीहरू आधा घण्टा धर्नामा बसेका थिए । महासंघमा आबद्ध ७७ वटै जिल्लामा निर्माण व्यवसायीहरूले बिहीबार नै प्रमुख जिल्ला अधिकारी समक्ष जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएर आधा घण्टा धर्नामा बसेका छन् । मूल्यवृद्धिका कारण अबदेखि निर्माणका काम बन्द हुने जानकारी गराउँदै उनीहरू जिल्ला प्रशासन कार्यालय अगाडि धर्नामा बसेका थिए ।

महासचिव घिमिरेका अनुसार जिल्ला संघहरूले शुक्रबार र आगामी सोमबार जिल्लास्थित पूर्वाधार विकास कार्यालय, डिभिजन सडक कार्यालय, सहरी विकास तथा भवन र सिँचाइ कार्यालयहरूमा ज्ञापनपत्र बुझाएर आधा घण्टा धर्ना दिने भएका छन् । यसैगरी विरोधकै कार्यक्रमअन्तर्गत निर्माण व्यवसायीहरूले सात वटै प्रदेशमा शुक्रबार मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाउने भएका छन् । त्यसपछि उनीहरूले मुख्यमन्त्रीको कार्यालयमा आधा घण्टा धर्ना दिने भएका छन् ।

निर्माण व्यवसायीले अहिलेको मूल्यवृद्धि अप्रत्याशित र अत्यधिक भएको बताएका छन् । 'पश्चिम एसियामा जारी युद्धका कारण निर्माण उद्योगमा प्रयोग हुने डिजेल, मट्टितेललगायतका इन्धन सामग्रीमा पटक-पटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिका कारण निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेका छन्', पत्रकार सम्मेलनमा महासचिव घिमिरेले भने, 'इन्धनजन्य सामग्रीसहित निर्माण कार्यमा व्यापक प्रयोग हुने बिटुमिन सिमेन्ट, डन्डीलगायतका निर्माण सामग्रीमा समेत निरन्तर भइरहेको अत्यधिक मूल्यवृद्धि र बजारमा ती सामग्री अभावले निर्माण उद्योग धराशायी हुने अवस्थामा पुगेका हुन् ।'

यस्तो विकराल परिस्थितिका कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर देखिन सुरु गरेको व्यवसायीको भनाइ छ । घिमिरेले भने, 'मध्यपूर्वको युद्धअघि (फेब्रुवरी १५) डिजेल प्रतिलिटर एक सय ३९ रहेकामा हाल प्रतिलिटर दुई सय २५ रुपैयाँ पुगेको छ भने युद्धअघि प्रतिकेजी ७५ रुपैयाँ पर्ने बिटुमिनको मूल्य हाल एक सय ५५ रुपैयाँ पुगेको छ ।'

अहिलेको विषम परिस्थितिबारे महासंघले बारम्बार नेपाल सरकारलगायतका निकायमा पत्राचार गरे पनि समस्या समाधान हुने गरी केही कार्यान्वयन नभएको भन्दै निर्माण व्यवसायीहरूले दुःख व्यक्त गरेका छन् । सरकारले पछिल्लो समय निर्माण व्यवसायीमाथि धरपकड गरेको भन्दै उनीहरू सरकारको व्यवहारदेखि असन्तुष्ट भएका छन् ।

ठेक्का सम्झौतामा उल्लेख गरे अनुसार तोकिएको मितिमा ठेकेदार हरूले काम नगरेको भन्दै सरकारले केही निर्माण व्यवासायीहरूलाई पक्राउ गर्दै सोधपुछ गर्ने गरेको छ । सरकारको यस्तो व्यवहारबाट निर्माण व्यवसायीहरू आतंकित भएको उनीहरूको भनाइ छ । ठेकेदार हरूमाथि धरपकड नगर्न उनीहरूले सरकारसँग माग गरेका छन् ।

निर्माण व्यवसायी महासंघमा प्रदेश निर्माण व्यवसायी महासंघ, ७७ जिल्ला निर्माण व्यवसायी संघ, एसोसिएट सदस्यलगायत वस्तुगत (निर्माण सामग्री उत्पादन संघसमेत गरी लगभग ३२ हजारभन्दा बढी निर्माण व्यवसायी सहभागी छन् ।

राज्यले पुँजीगत खर्च गर्न नसक्दा भौतिक पूर्वाधार क्षेत्रसहित मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर समस्या उत्पन्न भएको भन्दै निर्माण व्यवसायीले चिन्ता व्यक्त गरेका छन् ।

भूमि समस्या समाधान आयोग खारेज

खर्च भएको ४२ करोडको औचित्य के ?

देवेन्द्र बस्नेत
दाङ, वैशाख ३१

सरकारले ल्याएको अध्यादेशमार्फत नेपालका सुकुमबासीहरूको व्यवस्थापनका लागि बनाइएको भूमि समस्या समाधान आयोग खारेज भएको छ । अघिल्लो सरकारले बनाएको यो आयोग खारेजीको उद्देश्य यसमा भएको राजनीतिक नियुक्ति थियो ।

यो आयोग खारेज भएसँगै सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन अब हुन्छ भन्ने अन्योल कायम देखिएको छ । अझ आयोगले अहिलेसम्म गरेको कामको स्वामित्व वर्तमान सरकारले नलिए करोडौं रुपैयाँ नोक्सान हुने छ । भलै सरकारले भूमि सम्बन्धी व्यवस्थापनका लागि नयाँ कार्यदल वा संयन्त्र निर्माण गर्ने भनेको छ ।

हाल खारेज भएको आयोगले गरेको कामको स्वामित्व लिने वा नलिने भन्ने निर्क्योल अहिलेसम्म सरकारले गरिसकेको भने छैन । यसो हुन नसके अघिल्लो आयोगले सुकुमबासी व्यवस्थापनका लागि खर्च गरेको ४२ करोड रुपैयाँ औचित्यहीन हुने छ ।

२०८१ कात्तिक १३ गते बसेको मन्त्रिपरिषद् बैठकले हरिप्रसाद रिजालको अध्यक्षतामा भूमि समस्या समाधान आयोग गठन गर्ने निर्णय गरेको थियो । रिजाल आयोगको अध्यक्ष चुनिएपछि जिल्ला स्तरमा पनि आयोगअन्तर्गतका समिति निर्माण भएका थिए ।

आयोगले यिनै समितिमार्फत जनशक्ति परिचालन गरी भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरूबाट लगत संकलन गरेको थियो । आयोगका अनुसार आयोग खारेजी हुनुपूर्वसम्म ११ लाख २९ हजार पाँच सय १७ निवेदन संकलन भएका थिए ।

यीमध्ये ८८ हजार आठ सय ९५ भूमिहीन दलिततर्फ, एक लाख ६८ हजार चार सय ४१ भूमिहीन सुकुमबासीतर्फ र आठ लाख ७२ हजार एक सय ८१ निवेदन अव्यवस्थित बसोबासी तर्फबाट संकलन भएका थिए ।

यी निवेदनउपर छानबिन गर्न सक्रिय रहेकै बेला आयोग खारेज भएपछि यी निवेदनउपर अहिलेसम्म गरिएको काम-कारबाही अब के हुने भन्ने संशय कायम भएको छ । अघिल्लो आयोगले गरेको कामको स्वामित्व वर्तमान सरकारले नलिए आयोगले खर्च गरेको ४२ करोड रुपैयाँको औचित्य देखिने छैन । आयोगका अध्यक्ष रिजालका अनुसार आफू आयोगको अध्यक्षमा नियुक्त भए यता सुकुमबासीहरूको व्यवस्थापनको प्रयोजनमा ४२ करोड रुपैयाँ खर्च भएको जानकारी दिए ।

'सुकुमबासीहरूको लगत संकलन र उनीहरूको पहिचानका लागि व्यवस्थापन गरिएको जनशक्तिको पारिश्रमिक र प्रशासनिक खर्चसमेत जोड्दा ४२ करोडको हाराहारी खर्च भएको छ', उनले भने, 'यो खर्चमा सुकुमबासी व्यवस्थापनको काममा धेरै प्रगति भएको छ, हामी झन्डै आयोगको जिम्मेवारी पूरा गर्ने अन्तिम चरणमा थियौं ।'

रिजालका अनुसार आयोगको केन्द्रीय नेतृत्वमा आठ पदाधिकारी, जिल्ला तहमा चार पदाधिकारी व्यवस्थापन गरिएका थिए । यसैगरी देशभर चार सय जना सर्वेक्षक, ६ सय जना अमिन, ५८ जना कम्प्युटर अपरेटर, ३६ जना कार्यालय सहयोगी आयोगमार्फत खटिएका थिए । यसैगरी नासु खरिदार सरहका कर्मचारीको व्यवस्थापनसमेत गरिएको थियो ।

यसबाहेक आयोगसहित जिल्ला समितिका कार्यालयहरूको प्रशासनिक खर्चसमेत गरी खर्च भएको यो रकम धेरै ठूलो नभएको रिजालले बताए ।

'जग्गा व्यवस्थापनका लागि ठुलो संख्यामा जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ त्यसका लागि उनीहरूको पारिश्रमिक र कार्यालयको प्रशासनिक खर्च आवश्यक पर्छ, रिजाल भन्छन्, 'देशव्यापी रूपमा सुकुमबासी व्यवस्थापनका लागि जुन रूपमा खर्च भएको छ, यो खर्चलाई सामान्य रूपमा लिइनुपर्छ ।' त्यस अनुसार आफूहरूले कामलाई अन्तिम चरणमा पुऱ्याएको उनले बताए ।

सुकुमबासीहरूको लगत संकलन पश्चात् उनीहरूको पहिचान र जग्गा व्यवस्थापनको अन्तिम चरणमा आफूहरू पुगेको र आउँदो वर्षको असारसम्म काम सम्पन्न गरेर सरकारलाई प्रतिवेदन बुझाउने तयारीमा आयोग थियो ।

'हामीहरूले लगत संकलनसहित उनीहरूको वास्तविकता के हो भनेर जाँचबुझको काममा थियौं र वास्तविक सुकुमबासीहरूलाई कहाँ राख्ने भनेर जग्गाको व्यवस्थापनमा समेत लागेका थियौं', रिजाल भन्छन्, 'हामीले आगामी वर्षको असारसम्म सबै काम सम्पन्न गरेर सरकारलाई प्रतिवेदन बुझाउने लक्ष्य राखेका थियौं ।'

हालसम्म आयोगले गरेको कार्यप्रगति धेरै राम्रो भएको भन्दै वर्तमान सरकारले आयोग खारेजी पश्चात् आयोगको कामको स्वामित्वलाई ग्रहण गर्न सक्नुपर्ने तर्क उनको छ । यसले सुकुमबासी व्यवस्थापनमा छिटो समेत हुने र राज्यको लगानी समेत जोगिने उनको भनाइ छ ।

'आयोग खारेज भएपछि अब सुकुमबासी व्यवस्थापनको काम के हुन्छ ? अहिलेको सरकारले अहिलेसम्म भएको कामको स्वामित्व लिन्छ कि लिँदैन ? भन्ने संशय निवेदकहरूमा पनि देखिएको छ', रिजाल भन्छन्, 'राज्यले अहिले आयोगले जुन स्थानसम्म काम गरेको छ, यसको स्वामित्व ग्रहण गरेर रोकिएको स्थानबाटै कामको सुरुवात गर्नुपर्दछ, यसो हुन सक्यो भने सुकुमबासी व्यवस्थापनको काम छिटो पनि हुन्छ र राज्यको खर्चसमेत जोगिन्छ ।'

सुकुमबासीहरूको व्यवस्थापनका लागि आयोगले गरेको कामले तत्काल पूर्णता पाएपछि आफूहरूको व्यवस्थापन चाँडै हुने अपेक्षामा निवेदकहरू थिए । आयोग खारेज भएपछि यो सम्भावना तुहिएको महसुस उनीहरूले गरिरहेका छन् । अझ आफूहरूको व्यवस्थापनको अपेक्षामा बसिरहेका बेला आफूहरूकै बस्तीमा वर्तमान सरकारले डोजर चलाएपछि आफूहरूको व्यवस्थापनको सम्भावना सकिएको महसुस गरिरहेका उनीहरू बस्ती जोगाउनकै लागि सडक आन्दोलनमा उत्रिनु परिरहेको छ । दाङमा दिनहुँ सुकुमबासी आन्दोलन तथा प्रदर्शन चलिरहेको छ ।

सरकारले जिल्लामा समेत सुकुमबासीहरू हटाउने तयारी गरेपछि सिर्जना भएको डोजर आतंक स्थानीय सरकारको समेत टाउको दुखाइको विषय बनेको छ ।

जिल्लाका १० वटै स्थानीय तहहरू वास्तविक भूमिहीन सुकुमबासीहरूको व्यवस्थापनबिना बस्ती हटाउन नहुने भन्दै संघीय सरकारको खिलाफमा छन् । उनीहरूले पनि भूमि समस्या समाधान आयोगले सुकुमबासी व्यवस्थापनका लागि गरेको अहिलेसम्मको उपलब्धिलाई संघीय सरकारले स्वामित्व लिँदै सोही अनुसार व्यवस्थापनको पहल सुरुमा थाल्नुपर्ने बताउँछन् ।

'भूमि समस्या समाधान आयोगले लामो समय लगाएर सुकुमबासी व्यवस्थापनका लागि निकै उपलब्धिपूर्ण काम गरेको छ, आयोगकै लक्ष्य अनुरूप हाम्रो पालिकामा पनि सुकुमबासी व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको अवस्था हो', गढवा गाउँपालिकाका अध्यक्ष यमनारायण शर्माले भने 'सरकारकै आयोगले बनाएको योजना र कार्यप्रगतिलाई अहिलेको सरकारले पनि स्वामित्व लिँदै चाँडो सुकुमबासीहरूको व्यवस्थापन गरेर अतिक्रमित बस्ती खाली गरिनुपर्छ, अन्यथा स्थानीय सरकारले संघीय सरकारको बस्ती खाली गर्ने योजनामा साथ दिने कुरा हुँदैन ।'

शर्मा जस्तै जिल्लाका सबै स्थानीय तहहरू यो आयोगको कामलाई निरन्तरता दिँदै भूमिहीनहरूको व्यवस्थापनमा सरकार लाग्नुपर्ने पक्षमा छन् । उनीहरूले केही दिनअघि जिल्ला प्रशासन कार्यालयले राखेको छलफलमा समेत यही धारणा राखेका थिए ।

'राज्यले बनाएको आयोगले सुकुमबासीहरूको व्यवस्थापनका लागि धेरै काम गरिसकेको छ, सोही आयोगको काम अनुसार नै सुकुमबासीहरूको व्यवस्थापन गरौं र अतिक्रमित जग्गा खाली गर्नु नै उत्तम विकल्प हो', तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले भने 'यसो गर्न सकियो भने सुकुमबासी व्यवस्थापन दीर्घकालीन हुने, चाँडो व्यवस्थापन गर्न पनि सकिने र राज्यको खर्चसमेत जोगिने अवस्था बन्छ ।'

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा: 9841420589

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

सम्पर्क

फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०

भूमी प्रशासन कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली लम्कीचुहा न.पा. वडा नं. ५ बस्ने ज.ध. सेते कामीको मिति २०६०/१२/१५ मा आफ्नै कालगतिले अबिवाहित अबस्था मृत्यु भएकोले मृतक ज.ध.को शेष पछीको हकदार ज.ध. को बुवा राते कामीको मिती २०४६/१०/०५ आमा जमरा कामीको मिती २०५८/०२/१५ मा आफ्नै कालगतीले मृत्यु भएको ज.ध. को शेष पछीको हकदार भाई १ मात्र भएकाले ज.ध. सेते कामीको नाममा दर्ता श्रेस्ता रहेको बलिया गा.बि.स. वडा नं. ८ कि नं ४१२ र ४३३ ज.बी. ०-३-० र ० १ ३ को सेते कामीको नामको जग्गा लाई लगतकट्टा गरी मेरो नाममा श्रेस्ता कायम गरी एकलौटी नामसारी दा. खा. गरि पाउँ भनि गोपाल कामीले ज.ध. प्रमाण पूर्जाको सक्कल, चालु आ.ब.को मालपोत तिरेको रसिद, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाण पत्र सहित यस कार्यालयमा मिति २०३/१/१६ मा निवेदन दिएकाले उक्त जग्गा निवेदक गोपाल कामीका नाममा श्रेस्ता कायम गरी एकलौटी नामसारी. दा. खा. नगर्नुपर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित हकदाबी गर्न आउनु होला अन्यथा ऐन कानुन बमोजिम एकलौटी नामसारी दा.खा. भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/०१)

यस कम्पनीको मिति २०८३/०१/०३ गते को साधारण सभा/बिशेष सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०१/२२ को निर्णयबाट स्विकृत भई यस कम्पनीको नाम वोधी वृक्ष मन्टेश्वरी प्रि स्कूल (दर्ता नम्बरः ८५१३९) बाट परिवर्तन गरी **बोधी बृक्ष स्कूल काठमाण्डौ** कायम गरिएको व्यहोरा यही सूचनाद्वारा जानकारी गराईन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/०१)

यस कम्पनीको मिति २०८३/०१/०३ गतेको साधारण सभा/बिशेष सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०१/२१ को निर्णयबाट स्विकृत भई यस कम्पनीको नाम अभिषा ट्रेडिङ कम्पनीबाट परिवर्तन गरी **गरिमा ट्रेडर्स (दर्ता नम्बर ३६३२६५)** कायम गरिएको व्यहोरा यही सूचनाद्वारा जानकारी गराईन्छ ।

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३/०२/०१ यस भवानी सामुदायिक वन उपभोक्ता समुह गुलरिया न.पा. १२को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाट गद्दीमा मौज्दात रहेको खयर गोलिया थान २६४ को ७६१।६१ घ.फि. तथा दाउरा १।७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ ।

श्री भवानी सामुदायिक वन उपभोक्ता समुह,
गुलरिया न.पा. १२ विक्री, बर्दिया ।
मो.नं. ९८१९५२२६०४ र ९८०२५०२८१८

भवन भाडामा

थानकोट चन्द्रागिरी केबलकार स्टेसनसंगै ६ रोपनीको कम्पाउन्ड, तिन तल्ले पक्की ब्यवसायिक भवन भाडामा गोदाम, रेस्टुरेन्ट, फन पार्क, होटेल, लज, चार्जिङ्ग स्टेशन, पार्किङ्ग र अन्य प्रयोजनका लागि उपयुक्त

सम्पर्क नं: ९८५१०८४४७३

वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१X५ = रु.१८००/-* मात्र
१X१० = रु.४०००/-* मात्र

श्याम/श्वेत प्रति बक्स
१X५ = रु.१२५०/-* मात्र
१X१० = रु.२८००/-* मात्र

*भू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

मेल्लेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विन्धेवासिनी, अछाम
सुदूरपश्चिम प्रदेश,नेपाल

प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

"साँफे-नन्देगडा-मेल्लेख सडक (जिरो पोइन्ट मेल्लेख गेट देखि मेल्लेख गाउँ कार्यपालिकाको कार्यालय सम्म) वडा नं.०७ र ०५, मेल्लेख गाउँपालिका, विन्धेवासिनी, अछाम (१०.५ कि.मी)" निर्माण गरेको कालोपत्रे सडक आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

प्रकाशित मितिः २०८३/०२/०१

सुदुरपश्चिम प्रदेश,अछाम जिल्ला मेल्लेख गाँउपालिका वडा नं. ०७ र ०५ अछाममा,मेल्लेख गाँउपालिकाको कार्यालयबाट निम्न बमोजिमको प्रस्ताव अत्यन्त आवश्यक भएकोले कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	मेल्लेख गाउँपालिकाको कार्यालय, सुदूरपश्चिम प्रदेश, अछाम फोन नं.: +977- 9765583164 (सूचना अधिकृत) इमेलः ito.mellekhmun@gmail.com
प्रस्तावको व्यहोरा	साँफे-नन्देगडा-मेल्लेख सडक (जिरो पोइन्ट मेल्लेख गेट देखि मेल्लेख गाउँकार्यपालिकाको कार्यालय सम्म) वडा नं. ०७ र ०५, मेल्लेख गाउँपालिका, विन्धेवासिनी, अछाम (१०.५ कि.मी)" निर्माण गरेको कालोपत्रे सडक आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन
प्रभाव पर्न सक्ने जिल्ला/गा.पा	अछाम, मेल्लेख गाउँपालिका वडा नं. ०७ र ०५

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न, त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
मेल्लेख गाउँपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश, अछाम फोन नं.: +977- 9765583164 (सूचना अधिकृत) इमेलः ito.mellekhmun@gmail.com	नेक्सोरा ईन्जिनियारिंग सर्भिस प्रा.लि कोटेश्वर-३२, काठमाण्डौं फोन नं: +९७७-९८५१२१४०११ इमेलः nexoraengineering@gmail.com

बाँकेमा विद्युत् महसुल नतिर्ने सेवाग्राहीको 'लाइन' विच्छेद गर्ने अभियान

राँभा (बाँके), वैशाख ३१ (रासस)- नेपाल विद्युत् प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रले विद्युत् महसुल समयमै भुक्तानी नगर्ने पाँच हजार बढी सेवाग्राहीको 'लाइन' विच्छेद गरिदिएको छ ।

गत पाँच महिनामा लामो समयदेखि महसुल रकम नतिर्ने करिब पाँच हजार ५०० ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली प्रक्रिया सुरु गरिएको जानकारी नेपाल विद्युत् प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले दिए । उनका अनुसार लामो समयदेखि महसुल रकम नतिर्ने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियान सुरु गरेपछि नेपालगञ्ज वितरण केन्द्रले करिब पाँच करोड बक्यौता असुल गर्न सफल भएको छ । 'बितेको पाँच महिनाको अवधिमा हामीले करिब साढे पाँच हजार ग्राहकको लाइन काटेका छौं । यसबाट बक्यौता रकम करिब ६ करोड ३० लाख हुन गएको छ', उनले भने, 'लाइनविच्छेद गरेका मध्ये करिब चार हजार ५०० ग्राहकबाट विद्युत् लाइन पुनःजडान भई करिब पाँच करोड बक्यौता असुल भएको छ ।'

वितरण केन्द्रले लामो समयसम्म महसुल नबुझाउने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियानलाई निरन्तर सञ्चालन गरिहेको छ । विद्युत् आपूर्ति सुधार र अनियमितता नियन्त्रणका लागि अनुगमनलाई तीव्र बनाएको केन्द्र प्रमुख मिश्रले बताए ।

विद्युत् लाइन प्रयोग गरेबापतको महसुल ६० दिनभित्र तिर्नुपर्ने कानुनी व्यवस्था छ । उक्त अवधिभित्र बिल भुक्तानी नतिर्ने उपभोक्तामाथि अब स्वचालित रूपमा कारबाही हुनेछ । बक्यौता नतिर्ने ग्राहकको लाइन विच्छेद अभियानले ग्राहकलाई समयमै बिल तिर्नुपर्ने सचेतना जगाएको उनको भनाइ छ ।

बाँके जिल्लामा विद्युत् सेवा सुधार र चुहावट नियन्त्रणको लागि नेपालगञ्ज वितरण केन्द्रले मिटर अनुगमन, हुकिङ गर्ने वा मिटरमा गडबडी गर्ने ग्राहकमाथि सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमन गरिरहेको छ । सेवा सुधार, चुहावट नियन्त्रण अभियानले पछिल्ला महिनाहरूमा बाँकेमा विद्युत् आपूर्तिमा सुधार देखिएको छ । नयाँ फिडर थपिएपछि ओभरलोडको समस्या घटेका कारण गर्मीयाममा आपूर्ति अवरुद्ध नहुने केन्द्र प्रमुख मिश्रको दाबी छ । नेपालगञ्ज वितरण केन्द्र नो-लाइट शाखामार्फत महत्त्वपूर्ण स्थानहरूमा नांगो तार हटाइ केबुल विस्तारको काम भइरहेको छ ।